नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय दमौली
# करदाता सेवा कार्यालय, बेसीशहर, लमजुङ

प.सं. ०८१/०८२
च.नं.: ११५४

मिति: २०८१.०९.२४

विषय: आवश्यक सहजीकरण सम्बन्धमा।

श्री वेसीशहर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
वेसीशहर, लमजुङ्ग ।

प्रस्तुत विषयमा आर्थिक विधेयक, २०८१ ले प्रदान गरेका छुट तथा सहुलियतहरु सम्वन्धमा करदाताहरुलाई टेलिफोन, रेडियो, माइकिङ्ग लगायत विभिन्न माध्यमवाट जानकारी गराइएको तर हालसम्म पनि कतिपय करदाताहरुले लामो समयदेखी आय विवरण पेश नगरेको तथा कर दाखिला नगरेकाले त्यस्ता करदाताहरुको जानकारीका लागी प्रचार प्रसार तथा सूचना टाँस गरी आवश्यक समन्वय तथा सहजीकरण गरिदिनुहुन अनुरोध छ ।

<u>आर्थिक ऐन, २०८१ ले गरेका कर सम्वन्धी विशेष छुट तथा सहुलियत:-</u>

<u>करको दायरामा आउनेलाई छुट दिने सम्वन्धी व्यवस्था:-</u>

"कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर स्थायी लेखा नम्वर नलिएको भए त्यस्तो व्यक्तिले स्थायी लेखा नम्वर लिई आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर सम्वत् २०८१ साल फागुन मसान्तसम्म वुझाएमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुने साथै सोभन्दा अघिका आय वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा व्याज वुझाउनु पर्ने छैन" ।

<u>आय विवरण वुझाउन बाँकी करदातालाई छुट दिने सम्वन्धी व्यवस्था:-</u>

"स्थायी लेखा नम्वर लिई आय विवरण वुझाउन वाँकी रहेको करदाताले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चीस प्रतिशतले हुने रकम संवत् २०८१ साल फागुन मसान्तसम्म वुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी व्याज मिनाहा हुनेछ" ।

<u>मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदातालाई छुट दिने सम्वन्धी व्यवस्था:-</u>

"संवत् २०८० साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले आफुले बुझाउनु पर्ने कर विवरण, सों कर विवरण अनुसारको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने ब्याजको पचास प्रतिशतले हुने रकम संवत् २०८१ साल फागुन मसान्तभित्र वुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी व्याज मिनाहा हुनेछ" ।

<u>अन्तर्राष्ट्रिय हवाई यातायात सेवा प्रदायकलाई मूल्य अभिवृद्धि कर छुट सम्वन्धी व्यवस्था:-</u>

"मूल्य अभिवृद्धि करमा दर्ता भएका वा नभएको अन्तर्राष्ट्रिय हवाई यातायात सेवा प्रदायक व्यक्तिले संवत् २०८० साल जेठ १५ गतेदेखि संवत् २०८० साल असोज मसान्तसम्मको अवधिमा हवाई यातायात सेवामा सङ्कलन गर्नुपर्ने मूल्य अभिवृद्धि कर सङ्कलन नगरेको वा दाखिल नगरेको भएमा त्यस्तो मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर तथा व्याज मिनाहा हुनेछ" ।

E-mail: tso-besisahar@ird.gov.np Contact Number: 066-521467, 066-521468

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय दमौली
करदाता सेवा कार्यालय, बेसीशहर, लमजुङ

प.सं. ०८१/०८२
च.नं.:

मिति: २०८१.०९.२४

"नेपालवाट उडान सुरु नगर्ने अन्तर्राष्ट्रिय हवाई यातायात सेवा प्रदायक (अफलाईन एअरलाईन्स) ले संवत् २०८० साल जेठ १५ गतेदेखि सङ्कलन गरेको मूल्य अभिवृद्धि कर संवत् २०८१ साल असार मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता भई वुझाएमा सोमा लाग्ने ब्याज, जरिवाना, थप दस्तुर मिनाहा हुनेछ" ।

**ढुवानी सेवाको कारोवार गर्ने व्यक्तिलाई मूल्य अभिवृद्धि कर मिनाहा सम्वन्धी व्यवस्थाः-**

(१) "मूल्य अभिवृद्धि करमा दर्ता भई कारोवार गर्नुपर्ने ढुवानी साधनको भाडा तथा ढुवानी सेवाको कारोवार गर्ने व्यक्तिले संवत् २०७६ साल जेठ १५ गतेदेखि संवत् २०७८ साल जेठ १४ गतेसम्म मूल्य अभिवृद्धि करमा दर्ता भई वा नभई मूल्य अभिवृद्धि करयोग्य कारोवार गरी कर सङ्कलन नगरेको भए सो कारोवार रकमको एक प्रतिशतले हुने रकम संवत् २०८१ साल मंसिर मसान्तसम्म दाखिला गरेमा सोमा लाग्ने बाँकी कर, थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ" ।

"उपदफा (१) वमोजिमको कारोवारमा कर निर्धारण भई बक्यौता रहेको वा सो उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई कारोवार रकमको एक प्रतिशतले हुने रकम संवत् २०८१ साल मंसिर मसान्तसम्म दाखिल गरेमा बाँकी कर र सोमा लागेको थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ" ।

**आलु, प्याज तथा स्याउको आन्तरिक उत्पादनमा मूल्य अभिवृद्धि कर छुट सम्वन्धी व्यवस्थाः-**

"नेपालमा उत्पादन भएका आलु, प्याज तथा स्याउको कारोवार गर्ने व्यक्तिले संवत् २०८१ साल जेठ १४ गतेसम्म त्यस्तो कारोवार गरे वापत लाग्ने मूल्य अभिवृद्धि कर सङ्कलन नगरेको भए त्यस्तो कर रकम र सो कारोवारमा आन्तरिक राजस्व कार्यालयवाट कर निर्धारण भई वुझाउन बाँकी रहेको मूल्य अभिवृद्धि कर र सोमा लागेको ब्याज, थप दस्तुर र जरिवाना मिनाहा हुनेछ" ।

**कर्जा सूचना प्रदायक निकायलाई मूल्य अभिवृद्धि कर मिनाहा सम्वन्धी व्यवस्थाः-**

(१) नेपाल राष्ट्र वैङ्कवाट इजाजतपत्र वैंक तथा वित्तीय संस्थालाई कर्जा सुचना सेवा प्रवाह गर्ने उद्धेश्यले नेपाल राष्ट्र वैंक ऐन, २०५८ को दफा ८८ बमोजिम स्थापना भएको निकाय मूल्य अभिवृद्धि करमा दर्ता नभएको भ्ए सम्वत् २०८१ साल असार मसान्तभित्र मूल्य अभिवृद्धि करमा दर्ता भई उक्त मितिसम्म सङ्कलन गर्नु पर्ने मूल्य अभिवृद्धि करको पचास प्रतिशतले हुने रकम संवत् २०८१ साल असोज मनान्तभित्र वुझाएमा बाँकी मूल्य अभिवृद्धि कर, जरिवाना, ब्याज र थप दस्तुर मिनाहा हुनेछ ।

(२) उपदफा (१) वमोजिमको कारोवारमा कर निर्धारण भई वक्यौता रहेको वा सो उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई उपदफा (१) बमोजिम हुने रकम संवत् २०८१ साल असोज मसान्तभित्र दाखिल गरेमा बाँकी कर र सोमा लागेको थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ ।

................

०८१/०९/२४

(कर अधिकृत)

कर अधिकृत

E-mail: tso-besisahar@ird.gov.np Contact Number: 066-521467, 066-521468